# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

पत्र संख्या :-०८१/८२
चलानी नं :-
प.सं. कोड नं.

मेलमिलाप शाखा

फोन न :- ४५५७३१, ४५५०३०
फ्याक्स :- ०२३-४५५०८९

मितिः- २०८१/०४/१५
ने.स. ११४४
कोशी प्रदेश

(सूचना प्रकाशित मिति - २०८१।०४।१५)

सूचना। सूचना।। सूचना।।।

विषय- मेलमिलापकर्ता सूचीकृत हुने सम्बन्धमा ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली,२०७० को नियम ९ बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको सूची अद्यावधीक गर्नुपर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत रहनुभएका मेलमिलापकर्ताहरुले सूची अद्यावधीक गर्न र मेलमिलापकर्ताको रुपमा यस अदालतमा सूचीकृत हुन इच्छुक तोकिएको योग्यता पुग्नुभएका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसूची २ को ढाँचामा देहायमा उल्लेखित आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिन हुन मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र नियम ९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

| आवश्यक कागजातहरु | अदालतमा सूचीकृत हुन इच्छुक मेलमिलापकर्ताको योग्यता |
|---|---|
| १. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी<br>३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी<br>४. पासपोर्ट साइजको फोटो २ प्रति<br>५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृत कागज,संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी। | १. नेपाली नागरिक<br>२. पच्चीस वर्ष उमेर पुरा भएको<br>३. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको<br>४. मेलमिलाप सम्बन्धी तोकिएको अवधीको तालिम लिएको<br>५. होस ठेगानमा रहेको<br>६. नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको<br>७. साहुको दामासाहीमा नपरेको<br>८. मेलमिलाप सम्बन्धी ऐन, २०६८ बिपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको। |